# नेपालमा अभ्यास गरिने हानिकारक प्रथा तथा चलनहरू

## समुदायको दृष्टिकोण सम्बन्धी प्रतिवेदन



UNITED NATIONS NEPAL

जनवरी २०२०

**सर्वेक्षण गरेको:**

Progress Inc.

**प्रश्नावली डिजाइन:**
जनक राई
सह-प्रध्यापक
मानव शास्त्र केन्द्रिय विभाग
त्रिभुवन विश्वविद्यालय, किर्तिपुर
काठमाडौं, नेपाल

**रिपोर्ट डिजाइन:**
KAZI STUDIOS

# विषयवस्तु


| | |
|---|---|
| विषय प्रवेश | २ |
| निष्कर्षको सांरश | ३ |
| कार्यविधि | ४ |
| जातीय भेदभाव | ७ |
| महिनाबारीजन्य रोकटोकहरू र छाउपडी | १५ |
| बाल विवाह | २३ |
| दाइजो | ३१ |
| बोक्सीको आरोप र उत्पीडन | ३७ |

# विषय प्रवेश

हानिकारक प्रथा तथा चलनहरुलाई लिङ्ग, लैङ्गिकता, उमेर, जात/जातीयता, भाषा, धर्मलगायतका आधारहरुमा भेदभाव गर्ने निरन्तरको व्यवहारका रुपमा परिभाषित गर्न सकिन्छ । उनीहरुले महिला र बहिष्करणमा परेका समूहहरुलाई हिंसा, कमजोर शारीरिक तथा मनोवैज्ञानिक स्वास्थ्य, सीमित शैक्षिक तथा आर्थिक परिणाम, चोटपटक र मृत्युको पनि जोखिममा पुर्‍याउने गर्छन् । उल्लेखनीय कुरा के हो भने हानिकारक अभ्यासहरु कुनै एउटा ठाउँमा मात्र हुने वा यदाकदा हुने होइन; यो त महिलाका साथै कथित तल्लो जातका समूहहरुलाई कमजोर वर्गका रुपमा हेर्ने सदियौं देखि लागु हुँदै आएको र गहिरो रुपमा जरा गाडेको पितृसतात्मक, सामाजिक, साँस्कृतिक तथा धार्मिक मुल्यमान्यताहरुमा आधारित छन् ।

हानिकारक प्रथा तथा चलनहरु व्याप्त भएपनि र अभ्यास गरिने समुदायहरुले यसलाई प्राय: परम्परागत तथा सामान्य रुपमा लिने भएपनि यस्ता हानिकारक अभ्यासहरुको फलस्वरुप व्यक्ति तथा समूहहरु आफ्नो पूर्ण क्षमता अनुसार विकास हुन सक्दैनन्, र निष्ठा तथा स्वतन्त्रताबाट बञ्चित हुने गर्छन् । सन् २०१७ को सामुदायिक सोच/मानसिकता सर्वेक्षणको निष्कर्षका आधारमा यूएन कन्ट्रीटिमले हानिकारक अभ्यासहरु, विशेषगरी महिला तथा बालिकाहरुका लागि, विकासका प्रतिफलहरुमा गम्भीर व्यवधान हुन् भनी स्वीकार गरेको छ । यी अभ्यासहरुले समावेशी शासन र राजनीतिक सहभागिता, आर्थिक विकास, शिक्षा, कृषिजन्य विकास, स्वास्थ्य र अन्य क्षेत्रमा व्यवधान खडा गरी अन्तत: सन् २०३० को एजेण्डा र कसैलाई पनि पछाडि नछोड्ने सिद्धान्तमा अवरोध सिर्जना गर्नेछन् । त्यसैकारण, यूएन कन्ट्रीटीमले राष्ट्रसङ्घीय विकास सहायता ढाँचा (यूएनडिएएफ) २०१८-२०२२ का प्रतिफल क्षेत्रहरुमा हानिकारक अभ्यासहरुलाई सम्बोधन गर्ने सुसूचित, समन्वयात्मक र साझा अवधारणालाई मद्दत गर्न सन् २०१८मा हानिकारक अभ्यास कार्यदल (एचपीडब्लुजी)को स्थापना गर्‍यो । हानिकारक अभ्यासहरुलाई सम्बोधन गर्न संरचनागत असमानता र लैङ्गिक रुपमा विभेदकारी सामाजिक मुल्यमान्यताहरुलाई लक्षित गर्ने एउटा व्यवस्थित, बहुआयामिक र बहुतहगत अवधारणा आवश्यक छ भन्ने कुरामा यूएनसीटी विश्वास गर्दछ ।

नेपालमा विभिन्न हानिकारक प्रथा तथा चलनहरुहरु प्रचलनमा रहेको भए तापनि हानिकारक प्रथा तथा चलनहरुहरु विरुद्धको कार्यदलले जातीय भेदभाव, छाउपडीसहित महिनाबारीको समयमा गरिने छोइछिटो, बालविवाह, दाइजो र बोक्सीको आरोप तथा उत्पीडनलाई प्रकाशित सामग्रीको समीक्षा र यो सर्वेक्षणका लागि छनौट गर्‍यो । यी अभ्यासहरुले नेपालमा महिला तथा बालिकाहरुमाथि गम्भीर नकारात्मक प्रभाव पारिरहेको कुरा महिला विरुद्ध हुने भेदभाव उन्मूलन समितिको २०१८ को निष्कर्ष टिप्पणीमा पनि उल्लेख गरिएको थियो । सर्वेक्षणको निष्कर्षले यी हानिकारक प्रथा तथा चलनहरुहरु प्रदेश नं २, कर्णाली प्रदेश र सुदूर-पश्चिम प्रदेशमा कसरी अभ्यास गरिएका छन् भन्ने बारेमा तथ्याङ्क उपलब्ध गराउनका साथै ती अभ्यासहरुले प्राय: धार्मिक विश्वास र प्रचलनमा आधारित भेदभावकारी सामाजिक मूल्यमान्यतामा कसरी जरा गाडेको छ भन्ने तथ्यमाथि प्रकाश पार्दछ ।

सर्वेक्षण प्रतिवेदनको लक्ष्य नेपालमा प्रचलित हानिकारक प्रथा तथा चलनहरुहरुमध्ये पाँच वटा प्रथाहरुमाथि प्रकाश पार्नु र यी अभ्यासहरुका बारेमा थप बुझ्न स्रोतसामग्री बन्नु रहेको छ । दुवै सर्वेक्षण र लिखत समीक्षाबाट यो कुरा प्रस्ट छ कि हानिकारक अभ्यासहरुको उन्मूलन गर्ने प्रयासमा सामाजिक मुल्यमान्यतामा परिवर्तन र रुपान्तरणजन्य परिवर्तन प्रवर्द्धन् गर्न विधिहरुबारे हाम्रो बुझाई थप सुदृढ बनाउन अझ विस्तृत अध्ययन अनुसन्धानको खाँचो छ ।

# निष्कर्षको सांरश[१]

सर्वेक्षणले जातीय भेदभाव र छुवाछुतमाथिको विश्वास विशेषगरी कर्णाली र सुदूर-पश्चिम प्रदेशहरूमा व्याप्त रहेको देखाउँछ । उल्लेखनीय रुपमा सबै जातका सहभागीहरूले प्रहरी चौकी, स्वास्थ्य केन्द्र वा सरकारी कार्यालयजस्ता सार्वजनिक सेवा केन्द्रहरूमा जातमा आधारित भेदभाव कम रहेको उल्लेख गरे । यद्यपि, आफूले सामना गरेको भेदभावविरुद्ध उजुरी नगरेका १३ प्रतिशत दलित सहभागीहरूले प्रहरीले आफ्नो कुरा विश्वास नगर्ने लागेका कारण उजुरी नगरेको बताए ।

सर्वेक्षणमा समेटिएका तीन वटा प्रदेशहरूमा महिनाबारीजन्य रोकटोकहरू व्याप्त रहेका छन्, जसमा सहभागीहरूमध्ये ९० प्रतिशत भन्दा धेरैले परिवारका महिला सदस्यहरूले महिनाबारीको समयमा कुनै न कुनै प्रकारको छोइछिटोको अभ्यास गर्ने गरेको बताए । सर्वेक्षणले छाउपडी कर्णाली र सुदूर-पश्चिम प्रदेशहरूमा व्यापक रुपमा अभ्यास गरिने कुरालाई पुष्टि गर्दछ, जसमा ५२ प्रतिशत सहभागीहरूले छाउपडी उनीहरूको समुदायमा अभ्यास गर्ने गरिएको बताए । सहभागीहरूको जवाफले छाउपडीको अभ्यासलाई अझैं पनि लागु गर्नुमा परिवारका जेष्ठ सदस्यहरूको निर्णायक भूमिका रहेको संकेत गर्दछ ।

छपन्न प्रतिशत सहभागीहरूका अनुसार उनीहरूको समुदायहरूमा २० वर्षमूनिका व्यक्तिहरूबीच विवाह हुने गरेको छ । अभिभावकहरूले आफ्ना छोराछोरीलाई सानैमा किन विवाह गरिदिन्छन् भन्ने प्रश्नको साझा जवाफ पोइल (भागेर विवाह गर्ने) डर (९० प्रतिशत) थियो । जवाफहरूले दाइजो र बालविवाहबीचको सम्बन्धलाई पनि संकेत गरे, जसमा २० प्रतिशतले कम दाइजो तिनुपर्ने अवस्थालाई छोरीहरूलाई सानैमा विवाह गरिदिनुको उत्प्रेरणाका रुपमा उल्लेख गरे । सहभागीहरूमध्ये ६० प्रतिशतले बाल विवाहले बालिका/महिलाहरूको स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने कुरामा विश्वास गर्दछन्, र त्यसो गर्नेमा पुराना पुस्ताका भन्दा युवा सहभागीहरू धेरै थिए ।

प्रदेश २ मा ९६ प्रतिशत सहभागीहरूले आफ्नो समुदायमा दाइजो प्रथा सामान्य कुरा रहेको बताए भने, यो संख्या कर्णाली र सुदूर-पश्चिम प्रदेशहरूमा करिब १ प्रतिशत थियो । बेहुलीको परिवार माथि स्वेच्छिक र अनिवार्य दुवै किसिमका दाइजोले उच्च आर्थिक भार थोपरेको देखिन्छ, र बहुसंख्यक सहभागीहरूले दाइजोले परिवारहरूलाई आफ्ना छोरीहरूलाई सानै उमेरमा विवाह गरिदिन उत्प्रेरित गर्ने गरेको बताए ।

बोक्सी प्रथामा विश्वास गर्ने सहभागीहरू सबैभन्दा धेरै प्रदेश २ मा थिए, जसमा प्रदेशका १७ प्रतिशत सहभागीहरूले आफ्नो समुदायमा बोक्सीको आरोप लगाइएको र उत्पीडनको घटनाबारे जानकार रहेको संकेत गरे । बोक्सीको आरोप लगाइएको वा त्यसका कारण उत्पीडनमा परहेको पीडित/प्रभावितले प्रहरीलाई घटनाको उजुरी गर्ने कुरामा सबै सहभागीहरू मध्ये दुई प्रतिशत भन्दा कमले मात्र विश्वास व्यक्त गरे ।

१ सर्वेक्षण प्रतिवेदनका लागि विभिन्न हानिकारक अभ्यासहरूको व्याख्या गर्न हानिकारक अभ्यास सम्बन्धी यूएन प्रकाशित सामग्रीको समीक्षा (२०२०) का परिभाषा प्रयोग गरिएका छन् ।

# कार्यविधि

अन्तर-निकाय साझा पृष्ठपोषण परियोजना (Inter-Agency Common Feedback Project) अर्थात सीएफपी नेपालमा वि.सं. २०७२ मा गएको भूकम्पको प्रतिकार्य समयमा थालनी गरिएको समुदायको संलग्नतासम्बन्धी एउटा नवीन परियोजना हो, र यसले संकलन गरिएको गणीतीय रुपमा उल्लेखनीय तथ्याङ्कलाई समुदायको दृष्टिकोण बुझ्न र उनीहरुलाई निर्णय प्रक्रियामा प्रतिनिधित्व गराउन प्रयोग गर्दछ । सन् २०१७ मा सीएफपीले नेपालका कम विकसित क्षेत्रका १ हजार ८ सय घरपरिवारलाई सहभागी गराएर एउटा समुदाय दृष्टिकोण सर्वेक्षण गरेको थियो । सर्वेक्षणले संयुक्त राष्ट्रसङ्घीय विकास सहायता ढाँचा (यूएनडीएएफ) मा सम्बोधन गरिएका विषयगत क्षेत्रहरुबारे समुदायको दृष्टिकोणको मापन गरेको थियो । सर्वेक्षणको निर्माण यूएनडीएएफ मार्फत आफूले सेवा पुर्‍याउने लक्ष्य लिएको समुदायहरुको दृष्टिकोण अझ राम्रोसँग बुझ्न यूएनसीटीलाई अवसर प्रदान गरी त्यसका कार्यक्रमहरु समुदायका विविध आवश्यकहरुप्रति जवाफदेही रहेको सुनिश्चित गर्न सहयोग गर्न गरिएको थियो ।

सन् २०१७ को सर्वेक्षणले केही खास हानिकारक अभ्यासहरुको उपस्थिति, र त्यसलाई अभ्यास गर्ने कुरामा एकआपसमा नजिकमा रहेका गाउँहरुबीचको ठूलो भिन्नतामाथि प्रकाश पार्‍यो । उदाहरणका लागि, एउटा गाउँमा शिक्षकहरुले छात्राहरुलाई महिनाबारीको समयमा विद्यालय आउनबाट रोक लगाए भने अर्को गाउँमा महिनाबारीको समयमा महिलाहरुलाई एक्ल्याउने प्रचलित अभ्यासलाई एक बर्ष अघि देखि पूर्ण रुपमा उन्मूलन गरिएको थियो । सर्वेक्षणले हानिकारक अभ्यासहरु विशेषगरी महिला तथा बालिकाहरुका लागि विकासका परिणामहरुमा समानतामा कति गम्भीर व्यवधान हुन् भन्ने कुरालाई उजागर गर्‍यो र त्यसबाट हानिकारक अभ्यास र त्यसको विकासमा प्रभावका बारेमा अझ राम्रो तथा ठोस बुझाई आवश्यक रहेको यूएनसीटीलाई महसुस भयो ।

सन् २०१८ मा सीपीएफले संरासङ्घ विकास कार्यसञ्चालन समन्वय कार्यालय (डिओसिओ) बाट अनुदान प्राप्त गर्‍यो । यस अनुदानको प्रयोजन हानिकारक अभ्यासहरुका बारेमा समुदायको दृष्टिकोण/धारणा, र त्यस्ता अभ्यासहरुले विकासका कार्यक्रमहरुलाई कसरी प्रभावित गर्छन् भन्ने कुरा बुझ्नु थियो ।

अध्ययनका लागि ४ हजार घरपरिवारहरु समावेश गरिएको थियो । यो नमूना सहभागीहरु प्रदेश नं २, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका १६ वटा जिल्लाहरुबाट लिएको थियो । दुई हजार सहभागीहरु प्रदेश २ का आठ जिल्लाबाट र बाँकी दुई हजार कर्णाली र सुदूरपश्चिम प्रदेशका आठ जिल्लाहरुबाट लिइएको थियो । जिल्लाहरु एक्सेल (र्‍याण्डम स्टार्ट) को प्रयोग गरी विनाक्रमवद्ध रुपमा छनौट गरिएको हो । जिल्लाहरुलाई सुरुमा मानव विकास सुचकाङ्कका आधारमा वर्गीकरण गरियो ।

- समूह १ मा मानव विकास सुचकाङ्क ०.४५५ देखि ०.४९९ सम्म रहेका जिल्लाहरु समावेश थिए ।
- समूह २ मा मानव विकास सुचकाङ्क ०.४०१ देखि ०.४४९ सम्म रहेका जिल्लाहरु समावेश थिए ।
- समूह ३ मा मावन विकास सुचकाङ्क ०.३६४ देखि ०.४०० सम्म रहेका जिल्लाहरु समावेश थिए ।


तथ्याङ्क संकलनका लागि आकार अनुपातको जनसङ्ख्या (पिपिएस) नमूना संकलन विधिको प्रयोग गरियो । हरेक जिल्लामा, वडा तह (सबैभन्दा तल्लो प्रशासनिक निकाय) लाई प्राथमिक नमूना संकलन एकाई (पिएसयू) का रुपमा पहिचान गरियो । वडाहरु विनाक्रमवद्ध छनौट गरियो र हरेक वडाबाट दश वटा घरपरिवार छनौट गरियो ।

वडा तहमा, गणकहरु समुदायमा प्रवेश गरी एउटा साझा विन्दु (विद्यालय, स्वास्थ्य केन्द्र, खानेपानीको धारा)को छनौट गरे, र त्यहाँ बसेर चक्र घुमाउँदा जुन दिशातर्फ रोकिन्छ त्यही दिशातर्फ कुनै घर नभेटिएसम्म अघि हिंडे । पहिलो घरमा सर्वेक्षण पूरा गरे । पहिलो घरमा सम्पन्न भएपछि, त्यो घर बाट दायाँतर्फ लागे र त्यसपछिको पहिलो घर छोडेर दोस्रो घर मा सर्वेक्षण पूरा गरे । सो वडामा १० वटा नमूना सहभागी पूरा नभएसम्म यही प्रक्रिया दोहोरियो ।

सर्वेक्षण नमूनामा जनसाङ्ख्यिक विविधता रहेको सुनिश्चित गर्न गणकहरुलाई प्रत्येक घरपरिवारमा फरक-फरक सदस्यको अन्तर्वार्ता लिन लगाइयो । घरपरिवारका १५ वर्ष उमेर माथिका सदस्यहरु मात्र सहभागी हुन योग्य थिए । दृष्टिकोण सर्वेक्षण प्रश्नावली र अन्य साधन (टुल)हरुको विकास एक जना मानवशास्त्रीले गरेका थिए । हानिकारक अभ्यासहरुको संवेदनशील र साँस्कृतिक रुपमा गहिरो जरा गाडेको अवस्थालाई दृष्टिगत गरी प्रश्नावली र साधनहरु हानिकारक अभ्यासहरुका सम्बन्धमा यस अघि भएको मानवशास्त्रीय अनुसन्धानका निष्कर्षबाट दिशानिर्देशित थिए, र वास्तविक सर्वेक्षण अघि प्रश्नावली र विधिको परीक्षण गर्न एउटा नमुना अध्ययन गरिएको थियो ।

## लैङ्गिक वितरण

७२ प्रतिशत ♀ ♂ २८ प्रतिशत




# १६ जिल्लामा ४ हजार अन्तर्वार्ताहरू सञ्चालन गरियो

## जात/जातीयताको आधारमा वितरण

| | |
|---|---|
| पहाड/हिमाल ब्राह्मण/क्षेत्री | ३०% |
| पहाड/हिमाल दलित | १३% |
| पहाड/हिमाल जनजाति | ३% |
| मुस्लिम | ५% |
| तराई जनजाति | १३% |
| तराई/मधेशी ब्राह्मण/क्षेत्री | २% |
| तराई/मधेशी दलित | १०% |
| तराई/मधेशी अन्य जाति | २५% |

## शिक्षाको आधारमा वितरण

| | |
|---|---|
| स्नातक र माथि | ४% |
| उच्च माध्यमिक (कक्षा ११-१२) | ८% |
| शिक्षा नभएको | ५०% |
| प्राथमिक तह पूरा गरेको (कक्षा १-५) | १३% |
| प्राथमिक तह पूरा गरेको (कक्षा ६-९) | १२% |
| माध्यमिक शिक्षा परीक्षा (एसईई) (कक्षा १०) | |

## उमेरको आधारमा वितरण

| | |
|---|---|
| १५ - २४ | २३% |
| २५ - ३९ | ३५% |
| ४० - ५४ | २६% |
| ५५ माथि | १७% |

### तपाईंको विचारमा, तपाईंको समुदायमा कुनै प्रथाजनित (परम्परागत) अभ्यास/चलनहरु* छन् ?

| | |
|---|---|
| छन् | ९५% |
| छैनन् | ५% |

### समूह/व्यक्तिलाई हानी पुर्‍याउने प्रथाजनित (परम्परागत) अभ्यास/चलनहरु* के-के हुन् ?

| | |
|---|---|
| जातीय छुवाछुत | ९८% |
| दाइजो | ८२% |
| २० बर्षमूनि विवाह | ८१% |
| बोक्सीको आरोप | ७८% |
| छाउपडी | ४५% |

** तथ्याङ्क संकलनको क्रममा हानिकारक अभ्यास शब्दावलीको प्रयोग गरिएन, किनभने केही खास समुदायहरूमा ती अभ्यासहरूलाई हानिकारक नभनी परम्परागत भन्ने गरिन्छ ।*

## परिभाषा

वर्ण व्यवस्था कथित संस्कारजन्य अशुद्धतामा आधारित सामाजिक वर्गीकरण प्रणाली हो । जात पदानुक्रमित, दुढ, वंशाणुगत, संस्कारजन्य प्रदुषण र अशुद्धताको अवधारणामा स्थापित हुनेगर्छ, र व्यक्तिहरु माथि रोकटोक लगाएर समाजलाई यसले विभाजित गर्दछ । जस्तै: पेशा सम्बन्धी र कसले कोसँग विवाह गर्न हुन्छ भन्ने बारेमा । नेपालमा १२५ जात/जातीय समूहहरु रहेका छन्, जसलाई उच्च जाति हिन्दु (ब्राह्मण र क्षेत्री) र अन्य जातीय समूहहरु (जनजाति) र तल्लो जातका समूहहरु (दलित)का रुपमा वर्गीकरण गर्न सकिन्छ ।

वर्ण व्यवस्थाले नेपालीहरुको दैनिक जीवनलाई विभिन्न तरिकाले प्रभावित गर्छ । जातीय भेदभावले धेरै भिन्न-भिन्न रुप लिन सक्छ र जीवनको लगभग सबै पक्षलाई प्रभावित गर्छ । मानिसको जातको आधारमा उसले खाने खाना, प्रयोग गर्न सक्ने धारा, प्रवेश पाउने स्थान, कसलाई विवाह गर्ने र कुन पेशा अवलम्बन गर्न पाउने भन्ने बारेमा नियमहरु छन् । जातीय भेदभावको सबैभन्दा जोखिममा रहेका व्यक्तिहरुमा मध्यम र तल्लो जाति, विशेषगरी दलित, देशको सबैभन्दा कम मानव विकास सूचकाङ्क रहेको क्षेत्रमा बसोबास गर्ने, र तराई तथा पहाडमा बसोबास गर्नेहरु रहेका छन् ।

जातीय भेदभाव नेपालमा व्याप्त रहे तापनि यसको व्यापकताबारे सही बुझाई अझै पनि अज्ञात छ । उपलब्ध आंकडाले जातीय भेदभावको वास्तविक प्रवलतालाई कम आंकलन गर्छ, किनभने धेरै घटनाहरुको उजुरी हुँदैन । वि.सं. २०७५ मा जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐनले जातका आधारमा हुने छुवाछुत, बहिष्करण र प्रतिबन्धहरुको अपराधीकरण गरी पीडकलाई तीन वर्षको जेल र दुई लाखसम्मको जरिवानाको व्यवस्था गर्‍यो ।


## विचार

*“ जातको आधारमा भेदभाव हुनुहुँदैन । यद्यपि, हाम्रा बुवाआमाले भनेको दलितहरुलाई हाम्रो घर मा आउन दिनु हुँदैन । फेरी हाम्रो बुवाआमा मात्र होइन, सम्पूर्ण समुदायले यस्तै गरिरहेको छ, त्यसैले यो कसरी गलत हुनसक्छ ?”*


- एक महिला, गणेशनाथ चारनाथ- ४, धनुषा, प्रदेश नं २

भाग १


# जातीय भेदभाव




सर्वेक्षणले नेपालमा जातीय भेदभाव कति सामान्य कुरा छ भन्ने देखाएको छ, जसमा ९७ प्रतिशत सहभागीहरूले जातीय भेदभाव उनीहरूको समुदायमा हुने गरेको बताए । कथित उच्च जातिका ठूलो संख्यामा सहभागीहरूले छुवाछुत र अशुद्धतामा विश्वास गर्ने बताए । झण्डै ५० प्रतिशत सहभागीहरूले आफ्नो समुदायमा दलितलाई गैरदलितको घरमा प्रवेश नदिइने बताए, जसमध्ये कर्णाली र सुदूरपश्चिम प्रदेशहरूमा ५४ प्रतिशत र प्रदेश नं २ मा ४६ प्रतिशत रहेका थिए ।




## १. तपाईंको समुदायमा जातीय भेदभाव हुने गर्छ ?




## २. गैरदलितहरूले आफ्नो घरमा दलितलाई प्रवेश गर्न दिन्छन् ?




### २.१ जात जातीयतका आधारमा वर्गीकरण




१

## ३. दलित सहभागीहरुबीच जातीय भेदभावको अनुभव

सर्वेक्षणमा कुल ९११ जना दलितहरुको सहभागिता रहेको थियो र त्यसमा आधा भन्दा बढी (५४ प्रतिशत)ले विगतको एक बर्षमा आफ्नो जातका कारण भेदभावको सामना गर्नुपरेको बताए । यसमा उच्च जातिका परिवारका घर/भान्साघरमा प्रवेश नदिएको (७४ प्रतिशत), सामुदायिक खानेपानीको धारा/कल प्रयोग गर्न नदिइएको (५२ प्रतिशत) र गाउँको मन्दिरमा प्रवेश गर्नबाट रोक लगाइएको (५० प्रतिशत) रहेको थियो ।

भेदभाव सामना गरेका बहुसंख्यकले पीडकहरु विरुद्ध वडा कार्यालय वा प्रहरी चौकीमा उनीहरुले कहिल्यै उजुरी नगरेको उल्लेख गरे । उजुरी नगर्नुको कारणमा सबैभन्दा साझा व्याख्या (७० प्रतिशत) आफू बसोबास गर्ने समुदायमा समस्या निम्त्याउन नचाहेको धारणा थियो । यद्यपि, उल्लेखनीय रुपमा २० प्रतिशत भन्दा बढीले त्यस्ता घटनाका बारेमा सम्बन्धित निकायमा कसरी उजुरी गर्ने भन्ने बारेमा जानकारी नरहेको उल्लेख गरेका थिए ।



**५४** प्रतिशत ले जातीय भेदभावको सामना गरेको बताए


### ३.१ तपाईंले के-कस्ता प्रकारका जातीय भेदभावको सामना गर्नुपरेको छ ?



**७४** प्रतिशत घर/भान्साघरमा प्रवेश नदिएका



**५२** प्रतिशत सामुदायिक खाने पानीको धारा/कल प्रयोग गर्न नदिइएका




**५०** प्रतिशत गाउँको मन्दिरमा प्रवेश गर्नबाट रोक लगाइएको




**४१** प्रतिशत दुध र दुग्ध पदार्थ बिक्री गर्न नसकेका

### ३.२ तपाईंले मुद्दा किन दर्ता नगर्नु भएको ?



**७०** प्रतिशत समुदायमा समस्या नहोस् भनेर




**३२** प्रतिशत पीडक शक्तिशाली र धनी छ




**२३** प्रतिशत कसरी गर्ने भन्ने बारे मलाई थाहा छैन

प्रहरी चौकी, सरकारी स्वास्थ्य केन्द्र, नगरपालिका वा वडा कार्यालयहरूमा दलितहरूलाई समान रुपमा व्यवहार गरिन्छ वा गरिंदैन भन्ने प्रश्न सोध्दा, अधिकांश सहभागीहरूले त्यस्ता ठाउँमा कुनै भेदभाव नरहेको बताए । ती उत्तरहरूलाई जातीय आधारमा वर्गीकरण गर्दा पनि कुनै उल्लेखनीय भिन्नता देखापरेन । पहाड/हिमाल र तराई/मधेशका ९० प्रतिशत भन्दा बढी दलित सहभागीहरूले सार्वजनिक सेवा केन्द्रहरूमा कुनै पनि प्रकारको जातीय भेदभाव नरहेको उल्लेख गरे । यद्यपि, सम्बन्धित निकायले उनीहरूको कुरामा विश्वास नगर्ने भनी दलित सहभागीहरु मध्ये १३ प्रतिशतले भेदभावविरुद्ध उजुरी नगरेको तथ्यलाई दृष्टिगत गर्दा यो विषयबारे थप अध्ययन-अनुसन्धान आवश्यक रहेको संकेत गर्छ ।


## ४. तपाईंको विचारमा नगरपालिका वा वडा कार्यालयले उपलब्ध गराउने सेवाहरूमा दलित र गैरदलितलाई समान पहुँच प्राप्त छ ?




## ५. तपाईंको विचारमा प्रहरी चौकीमा दलित र गैरदलितको समान पहुँच छ ?





## ६. तपाईंको विचारमा सरकारी स्वास्थ्य केन्द्रहरूमा दलित समुदायको समान पहुँच छ ?




## ७. तपाईंको समुदायमा दलित र गैरदलित बीच विवाह हुने गरेको छ ?

अधिकांश सहभागीहरु (६७ प्रतिशत)ले आफ्नो समुदायमा दलित र गैरदलित बीच अन्तरजाति विवाह नभएको उल्लेख गरे ।

समुदायहरुले अन्तरजाति विवाह गरेका दम्पतिलाई तत्कालै स्वीकार नगरेपनि परिवारले भने विस्तारै विवाहलाई स्वीकार गर्ने गर्छन् भन्ने कुरा केन्द्रित समूहगत छलफलहरुले प्रकाश पारेको थियो । ती छलफलहरुमा सहभागीहरुले परिवारले प्राय: आफ्ना छोराछारीलाई आफ्नो जाति बाहिर विवाह नगर्नु नभए अस्वीकृत भइन्छ भनेर सिकाउने गरेको बताए । ती दम्पतिहरुलाई आफ्नो समुदायमा कस्तो व्यवहार गरियो भनेर प्रश्न गर्दा ४१ प्रतिशतले ती दम्पतिलाई सो समुदाय/गाउँमा बस्न नदिइएको, १० प्रतिशतले ती दम्पतिलाई जबर्जस्ती छुट्टाइएको र ९ प्रतिशतले ती दम्पतिलाई शारीरिक सजाय दिइएको उल्लेख गरे ।




### ७.१ विवाहप्रति परिवार र समुदायको प्रतिक्रिया कस्तो थियो ?





## ८. गत वर्ष दलित र गैरदलितबीच जातसँग सम्बन्धी द्वन्द्वको कुनै घटना भएको छ ?


अधिकांश सहभागीहरुले समुदायका दलित र गैरदलित सदस्यहरुबीच द्वन्द्वको कुनै घटना नभएको उल्लेख गरे भने, १८ प्रतिशतले गत वर्ष त्यस्तो घटना भएको बताए । यो प्रदेश नं २ मा बढी (२० प्रतिशत) हुने गरेको थियो । यद्यपि, धेरै दलित सहभागीहरु (२२ प्रतिशत पहाड/हिमाल दलित र २४ प्रतिशत तराई/मधेशी दलित)ले विगतको एक वर्षमा जातिसम्बन्धी द्वन्द्वका घटनाहरु भएको उल्लेख गरे ।

# ९. तपाईंको विचारमा जातीय भेदभाव उन्मूलन गरिनुपर्छ ?


जातीय भेदभाव उन्मूलन गरिनुपर्छ वा पर्दैन भन्ने प्रश्न सोध्दा विभिन्न जातिका सहभागीहरूका उत्तरमा उल्लेखनीय भिन्नता रहेको थियो । दलित सहभागीहरू मध्ये ८२ प्रतिशतले भेदभाव उन्मूलन गर्न आवश्यक छ भन्ने कुरामा पूर्ण रुपमा सहमत भएको बताए भने, यो प्रतिशत पहाडका उच्च जातिहरूमा केवल ५३ थियो । केवल ३८ प्रतिशत दलित सहभागीहरूले वर्ण व्यवस्था तत्कालै उन्मूलन गर्न सकिन्छ भन्ने कुरामा विश्वास गर्दथे भने अधिकांश मुस्लिम सहभागीहरूले यसो गर्न सकिने बताए ।





## ९.१ जात/जातीयतका आधारमा वर्गीकरण



## १०. तपाईंको विचारमा जातीय भेदभाव उन्मूलन गर्न सकिन्छ?




### १०.१ जात र जातीयतका आधारमा वर्गीकरण






# परिभाषा

नेपालमा महिनाबारीसम्बन्धी सोच र विश्वासका कारण महिला र केटीहरूमाथि रोकटोक लगाइएको छ, किनभने महिनाबारीजन्य रगतलाई प्रदुषणको स्रोतका रुपमा लिइन्छ । संस्कृति तथा धर्ममा गहिरो जरा गाडेको यी रोकटोकहरू हिन्दु धर्ममा सिर्जित अशुद्धताको भावनाबाट आएका हुन् । महिनाबारीको समयमा गरिने रोकटोकहरूमा अन्य व्यक्ति र केही निश्चित वस्तुलाई छुन नहुने, भान्साघरमा प्रवेश गर्नु नहुने, पवित्र स्थलहरूमा जानु नहुने, धार्मिक कार्यक्रमहरूमा सहभागी हुनुनहुने, सामुदायिक खानेपानीको धारा प्रयोग गर्नु नहुने, र दुग्धजन्य पदार्थ सेवन गर्नु नहुनेलगायत रहेका छन्

नेपालमा प्रचलित विभिन्न प्रकृतिका महिनाबारीजन्य रोकटोकहरूमा छाउपडी सबैभन्दा नकारात्मक रुपको रोकटोक हो । महिनाबारीको समयमा  घरबाट छुट्टै बस्नुपर्ने अभ्यासका रुपमा रहेको नेपालमा प्रचलित छाउपडी एउटा प्राचिन हिन्दु संस्कार हो, जहाँ महिनाबारीको समयमा र सुत्केरी भएलगत्तै महिला र केटीहरू छाउगोठमा रात बिताउने गर्छन् । छाउगोठ प्राय: अस्वस्थ, खुला, असुरिक्षत हुनेगर्छ र त्यहाँ आधारभूत आवश्यकताका कुराहरूको अभाव हुन्छ । छाउपडी अभ्यास गर्नेहरूमा प्राय: पहाड वा हिमाली क्षेत्रमा र मध्य वा सुदूरपश्चिम नेपालमा बसोबास गर्ने उच्च (ब्राहमण, क्षेत्री) र कथित तल्लो (दलित) जातका हिन्दुहरू रहेका छन् । छाउपडीसहित महिनाबारीजन्य रोकटोकहरूको अभ्यासलाई महिलाको मानव अधिकारको उल्लङ्घन्का रुपमा लिँदै नेपालमा यसलाई अपराध घोषित गरिएको छ । मुलुकी ऐन (२०७४) ले महिनाबारीमा आधारित वा सुत्केरीपछि हुने कुनै पनि प्रकारको भेदभाव, छुवाछुत वा अमानवीय व्यवहारलाई अपराध घोषणा गरेको छ । ऐनले महिला वा बालिकालाई यस्ता छोइछिटोलाई पालना गराउने जो कोहीलाई तीन हजार जरिवाना वा तीन महिनाको जेल सजायको व्यवस्था गरेको छ ।

## विचार

*" म पाँच दिनसम्म गोठमै बस्छु । मलाई शौचालय प्रयोग गर्नु हुँदैन, त्यसैले महिनाबारीको समयमा म खोला जानुपर्छ ।"*


- एक महिला, साँफेबगर, अछाम, सुदूर-पश्चिम प्रदेश

## भाग २

# महिनाबारीजन्य रोकटोकहरू र छाउपडी




## ११. महिनाबारीको समयमा तपाईंको परिवारका महिला सदस्यहरूमाथि कुनै रोकटोकहरू लगाइने गरिन्छ ?




तीन वटा प्रदेशका सबै १६ वटै जिल्लाका अधिकांश घरपरिवार (९१ प्रतिशत) का परिवारका महिला सदस्यहरु कुनै न कुनै प्रकारको रोकटोकहरूको अभ्यास गर्छन् । औसतमा यो पाँच दिनका लागि लागु हुन्छ । रोचक रुपमा महिनाबारीजन्य रोकटोकहरू सबै धर्मका घरपरिवारहरूमा अभ्यास गरिन्छ, जसमा इसाई र मुस्लिम घरपरिवारहरूमा अभ्यास गर्नेहरू संख्या क्रमश: २५ प्रतिशत र ८९ प्रतिशत रहेको छ ।

सबैभन्दा साझा प्रकृतिको छोइछिटो भनेको भान्साघर र पुजा कोठासहित घर को खास कोठाहरूमा प्रवेश गर्न नदिने (९३ प्रतिशत) रहेको छ, भने त्यसपछि धार्मिक कार्यक्रमहरूमा सहभागी हुन नदिने (६८ प्रतिशत) रहेको छ । छोइछिटो गर्ने यी घरपरिवारहरू मध्ये ४२ प्रतिशतले महिला/बालिकालाई महिनाबारीको समयमा घरभित्रै छुट्टै कोठामा सुत्न लगाउने गरेका छन् भने २२ प्रतिशतले महिला/बालिकाहरू छाउगोठमा सुत्ने गरेको बताए ।

### ११.१ धर्मको आधारमा वर्गीकरण गरिएका माथिका उत्तरहरू




### ११.२ महिनाबारीको समयमा बालिका/महिलाहरूमाथि लगाईने रोकटोकहरू के-के हुन् ?



**९३** प्रतिशत — घरको खास ठाउँमा प्रवेश (भान्साघर, पुजा कोठा)



**३५** प्रतिशत — परिवारका अन्य सदस्यहरूलाई छुन



**३८** प्रतिशत — निश्चित खानेकुरा खाने, जस्तै: दुग्धजन्य पदार्थ



**६८** प्रतिशत — धार्मिक र शुभकार्यमा सहभागी हुने



**४२** प्रतिशत — परिवारको घर भित्रै छुट्टै ठाउँमा सुत्ने



**२२** प्रतिशत — छाउगोठमा सुत्ने

### ११.३ त्यस्ता रोकटोकहरू लगाइनुका कारण के हुन् ?

**९२** प्रतिशत — परम्परागत आस्थाको पालना

**२१** प्रतिशत — शारीरिक सरसफाईका लागि

**१५** प्रतिशत — परिवार र/वा समुदायलाई आईपर्ने सम्भावित विपति र अनिष्ट टार्न



**८३** प्रतिशत — भगवान नरिसाउनुहोस् भनेर (धर्म)

**१६** प्रतिशत — यो संस्कारको पालना गरेन भने स्थानीय धामीझाँक्री विरामी पर्छन् ।


**१३** प्रतिशत — सामाजिक दवाब

## १२. तपाईंको समुदायमा छाउपडीको चलन छ ?

छाउपडी अझै पनि कर्णाली र सुदूर-पश्चिम प्रदेशहरूमा प्रचलित छ, जसमा ५२ प्रतिशत सहभागीहरूले छाउपडी उनीहरूको समुदायमा अभ्यास गर्ने बताए ।

सहभागीहरूको ठूलो बुहमतले सो अभ्यासले निरन्तरता पाउनमा "धार्मिक विश्वास" लाई मुख्य कारणका रुपमा पहिचान गरे ।

### १२.१ तपाईंको विचारमा छाउपडी अभ्यासले निरन्तरता पाउनुको कारण के हुन् ?



**९४** प्रतिशत धार्मिक कारणले

*"महिनाबारीको समयमा म विद्यालय जाँदा लामो बाटो भएर जान्छु, किनभने बाटोमा मन्दिर पर्छ ।"*

- एक महिला, नौमुले, दैलेख, कर्णाली प्रदेश

## १३. तपाईंको परिवारले घरमा छाउपडी मान्ने गरेको छ ?

आफ्नो समुदायमा छाउपडीको अभ्यास प्रचलनमा रहेको बताउने १,०४३ जना सहभागीहरू मध्ये ८० प्रतिशतले छाउपडी उनीहरूको परिवारले पनि मान्दै आएको बताए । त्यो अभ्यासको निरन्तरताको कारणमा परम्परा (८९ प्रतिशत), स्थानीय देवीदेवतलाई अपवित्र गराउने डर (८४ प्रतिशत) र समुदायको नियमहरू (६१ प्रतिशत) रहेको थियो ।

### १३.१ यसको अभ्यास किन गरिन्छ ?












### १३.२ छाउपडी लागु गराउनमा निर्णायक भूमिका कस्को छ ?





### १३.३ छाउपडीको पालना नगरेमा के-कस्ता परिणामहरू भोग्नु पर्छ ?

सहभागीहरूलाई छाउपडी पालना नगर्दाका सम्भावित परिणामहरूका बारेमा प्रश्न गर्दा ४५ प्रतिशत सहभागीहरूले धार्मिक नेता/धामीझाँक्री विरामी पर्ने र उनीहरूको परिवारलाई हानी पुर्‍याउने बताए भने ४१ प्रतिशतले यदि महिला छाउगोठमा नबसेमा सो महिलाका परिवारले अनिष्टको सामना गर्नुपर्ने उल्लेख गरे । साथै, सहभागीहरू मध्ये ३२ प्रतिशतले छाउपडी आवश्यक अभ्यास हो भन्नेमा पूर्ण रुपमा सहमत भए, र ती मध्ये ४५ प्रतिशतको उमेर ५५ वर्ष माथि थियो । यो उत्तर पुरुषहरू भन्दा महिलाहरूबाट धेरै आएको थियो ।

## १४. तपाईंको विचारमा छाउपडी आवश्यक प्रथाजनित (परम्परागत) अभ्यास हो ?




## १५. छाउपडी अभ्यास गर्ने महिलाका अनुभवहरु


कुल ७४२ जना महिला सहभागीहरुले छाउपडी मान्ने गरेको बताए, जसमा ३५ प्रतिशतले छाउगोठमा सुत्ने कुराले आफूलाई चिन्तित बनाउने उल्लेख गरे । दश प्रतिशतले छाउगोठको अस्वस्थकर अवस्थाका कारण गत वर्ष आफू बिरामी भएको बताए र ती मध्ये ३५ प्रतिशतले छाउगोठमा बस्दा कुनै पनि प्रकारको स्वास्थ्य उपचार सेवा नपाएको उल्लेख गरे । यी महिलाहरु मध्ये आधा भन्दा बढी (६१ प्रतिशत)ले आफू सुत्केरी भएपछि आफ्नो नवजात शिशुसँगै छाउगोठमा बसेको र १७ प्रतिशतले छाउगोठमा रहँदा दुग्धजन्य पदार्थ खान नहुने वा कम खाना पाएको बताए ।

### १५.१ छाउगोठमा बस्नुपर्दा तपाईंलाई चिन्ता लाग्छ ?




सँधै लाग्छ (२७%)
कहिलेकाहीँ (३६%)
कहिल्यै लाग्दैन (३४%)
उत्तर छैन (२%)

### १५.२ महिनाबारीको समयमा छाउगोठमा बस्दा आफ्ना साना छोराछोरी पनि साथै ल्याउनुहुन्छ ?



सँधै ल्याउँछु (६१%)
कहिलेकाहीँ (३१%)
कहिल्यै ल्याउँदिन (७%)


### १५.३ तपाईं छाउगोठमा बस्दा तपाईंलाई परिवारले खाने खाना नै दिन्छन् ?



हो (७५%)
मलाई फरक वा कम खाना दिइन्छ। (१७%)
उत्तर छैन (८%)


## १६. छाउपडी गैरकानुनी हो भन्ने तपाईंलाई थाहा छ ?

सहभागीहरु मध्ये ७५ प्रतिशतलोइ नेपालमा छाउपडी अपराध ठहर भएको कुरा थाहा थियो, जसले कानुनद्वारा प्रतिबन्धित भएपनि गहिरो जरा गाडेको सामाजिक मुल्यमान्यताले यसको अभ्यासलाई निरन्तरता दिइरहेकोतर्फ संकेत गर्दछ । अधिकांश सहभागीहरुले अपराधीकरण भएको कुरा टेलिभिजन/रेडियोबाट (६९ प्रतिशत), महिला सामुदायिक स्वास्थ्य स्वयंमसेवकहरुबाट (४८ प्रतिशत) र गैससद्वारा आयोजित अन्तर्क्रिया कार्यक्रमहरुबाट (४० प्रतिशत)ले सुनेका थिए ।



छैन (२५%)
छ (७५%)

### १६.१ सूचनाको मुख्य स्रोत



**६९** प्रतिशत — टेलिभिजन/रेडियो

**४६** प्रतिशत — महिला सामुदायिक स्वास्थ्य स्वयंसेवकहरु


**४०** प्रतिशत — गैसस/अगैससद्वारा आयोजित अन्तर्क्रिया कार्यक्रम

**३६** प्रतिशत — वडा र स्थानीय जनप्रतिनिधिहरुबाट

## १७. तपाईंको विचारमा छाउपडी उन्मूलन गरिनुपर्छ ?

आफ्नो समुदायमा छाउपडी अभ्यास गरिने बनाउने १,०४३ सहभागीहरुमध्ये ४७ प्रतिशतले छाउपडी उन्मूलन गरिनुपर्छ भने, र ३४ प्रतिशतले छाउगोठमा सुधार ल्याउनुपर्छ (हावा छिर्ने राम्रो व्यवस्था, ढोका र सरसफाई) भन्ने विचार राखे ।


कुल १६ प्रतिशत सहभागीहरुले छाउपडी उन्मूलन गरिनु हुँदैन भने, जसमध्ये ७४ प्रतिशत महिला थिए, ३० प्रतिशतको उमेर ५५ वर्ष माथि थियो, र १२ प्रतिशत १५ देखि २४ वर्षका थिए ।



गरिनुपर्छ (४७%)
त्यसमा सुधार ल्याउनुपर्छ (३४%)
गरिनुहुँदैन (१६%)
ठ्याक्कै भन्न सकिएन/अनिर्णित (२%)

## १८. तपाईंको विचारमा छाउपडी प्रथा उन्मूलन गर्न सकिन्छ ?

छाउपडी प्रथा उन्मूलन गर्न सकिन्छ, सकिंदैन भनेर प्रश्न गर्दा, ३० प्रतिशत सहभागीहरूले सकिन्छ भन्ने उत्तर दिए । रोचक रुपमा, "अन्य" विकल्प रोज्ने सहभागीहरूले सो प्रथा विस्तारै उन्मूलन भएर जाने विश्वास व्यक्त गरे ।






"१४ बर्षको उमेरमा म पहिलो पटक महिनाबारी हुँदा, घरबाट बाहिर राखिने डरले त्यसबारे कसैलाई नभन्ने निधो गरें । दैनिक घरायसी कामलाई मैले निरन्तरता दिएँ र परिवारका लागि खाना पनि पकाएँ । हामी सबै जना सँगै बसेर खाना खायौं ।

तर खाना खाइसक्ने वित्तिकै मेरो बुवाले वाकवाक लागेको, र सन्चो नभएको बताउनु भयो । के भयो भन्ने कुरा थाहा नभएपछि हामीले उहाँलाई नजिकैको स्वास्थ्य चौकीमा लिएर गयौं । डक्टरले उहाँको रोग पत्ता लाउन सकेन र हामीलाई कुनै पनि औषधि नदिइकन घर फिर्ता पठाइदिनु भयो ।

त्यसपछि हामी एउटा धामीझाँक्रीकोमा गयौं । मेरो बुवाको जाँच गरेपछि ती धामीले महिनाबारी भएको व्यक्तिले छोएको खाना खाएकोले बुवा बिरामी पर्नु भएको बताए । धामीले मन्त्र उच्चारण गर्दै मेरो बुवालाई निको पार्न धार्मिक कार्य गरे । यो सुनेर म छक्क परें र उसको दावी सही हो, होइन भनेर जाँच गर्न निर्णय गरें । महिनापछि मेरो दोस्रो पटक महिनाबारी भयो । पहिला जस्तै मैले घरको दैनिक काम गरे र मेरो बुवालाई केही नभएको देखेर म खुशी भएँ ।

यो परीक्षणलाई मैले मेरो तेस्रो र चौथो महिनाबारीको समयमा पनि निरन्तरता दिएँ । दुर्भाग्यवश, खाना खाने वित्तिकै मेरो बुवा बिरामी पर्नु भयो । हामीले उहाँलाई धामीको मा लिएर गयौं, र उसबाट फेरी त्यही निष्कर्ष सुन्यौं । उनले भने अनुसार महिनाबारी भएको महिलाले पकाएको खाना खाएको हुनाले हाम्रो कुल देवताले बुवालाई श्राप दिएको छ । मेरो गाउँमा महिनाबारीलाई एकदमै अपवित्र मानिन्छ । मलाई अझै पनि यो अन्धविश्वास हो भन्ने लाग्छ, तर मेरो बुवा प्रभावित भएको देखेपछि, मेरो विश्वासमा परिवर्तन भयो । त्यो समयपछि मैले महिनाबारीका प्रतिबन्धहरूलाई कडा रुपले मानिरहेकी छु र छाउपडी बस्ने गरेकी छु ।"

# परिभाषा

सामान्यतया, बाल विवाह वा सानो उमेरमा हुने विवाहलाई औपचारिक वा अनौपचारिक रुपमा बैवाहिक बन्धनमा बाधिने कार्य जहाँ दुई मध्ये एक वा दुवै जना १८ वर्ष मूनिका छन् भनी परिभाषित गर्न सकिन्छ ।

नेपालको सन्दर्भमा यद्यपि विवाहको कानुनी उमेर केटी र केटा दुवैका लागि २० बर्ष  रहेको छ (देवानी संहिता २०७४) । नेपालमा बालविवाह सहमतिमा वा बलजफ्ती पनि हुनसक्छ । बालबालिकाका लागि परिवार र समुदायले विवाह गरिदिने कार्यका अतिरिक्त हालको प्रवृत्तिले खास प्रकारको बाल विवाह बढ्दै गएको देखाउँछ, जुन आफै विवाह गर्ने वा भागेर विवाह गर्ने रहेको छ ।

नेपालमा विवाहका लागि वैधानिक उमेर २० वर्ष भएपनि बालविवाहको परिभाषा १८ बर्षको बालबालिकासम्मका लागि लागु हुन्छ । १८ देखि २० बर्षको उमेरका व्यक्तिबीच भएको विवाहलाई कम उमेरमा भएको विवाहका रुपमा वर्गीकरण गरिन्छ, तर उनीहरुलाई बालबालिका ठहर गरिंदैन ।

दण्ड संहिता (२०७४) अनुसार बाल विवाह गराउने कुनै पनि व्यक्ति कानुन अनुसार सजायको भागीदार हुन्छ (तीन वर्षसम्म कारावास र तीस हजार सम्मको जरिवाना), र जति कम उमेरको बालबालिका हो त्यति नै बढी जेल सजाय र जरिवाना हुन्छ ।

## विचार

*“ मेरो भाईलाई ऊ सही उमेर पुगेर आफ्नो खुट्टामा आफैं उभिएपछि मात्र विवाह गर्न प्रोत्साहित गर्नेछु ।”*


- हिमा गाउँपालिका, जुम्ला, कर्णाली प्रदेश


भाग ३

# बाल विवाह



## १९. तपाईंको समुदायमा २० वर्ष मूनिका व्यक्तिहरूको विवाह हुने गरेको छ ?







### १९.१ अभिभावकहरूले आफ्ना छोराछारीलाई सानै उमेरमा किन विवाह गरिदिन्छन् ?




**९०** प्रतिशत — भागेर विवाह गर्छन् भन्ने डरले




**४९** प्रतिशत — गरिबी



**३८** प्रतिशत — छोरा बढी जिम्मेवार हुनेछ




**२८** प्रतिशत — विवाह गर्ने सही उमेर




**२५** प्रतिशत — थोरै दाइजो


## २०. तपाईंको समुदायमा केटाकेटी भागेर विवाह गर्छन् ?




### २०.१ तपाईंको विचारमा भागेर विवाह गर्नुको मुख्य कारण के हो ?



**८७** प्रतिशत सामाजिक सञ्जाल



**६९** प्रतिशत अन्तरजाति विवाह




**६७** प्रतिशत अभिभावकको स्वीकृति नपाउने


## २१. तपाईंको विचारमा सानै उमेरमा विवाह गर्ने केटीहरुको स्वास्थ्यमा प्रभाव पर्छ ?

सहभागीहरु मध्ये ६० प्रतिशत सानो उमेरमा विवाह गर्ने महिला/केटीहरुले स्वास्थ्य सम्बन्धी समस्याहरु सामना गर्छन् भन्ने कुरामा पूर्ण सहमत भएको बताए, जसमा विशेषगरी सानै उमेरमा गर्भवती र सुत्केरी हुने कारण उल्लेख गरे। युवा समूह (१५ देखि ३९ वर्ष) का सहभागीहरु मध्ये बुहमतले सानो उमेरका हुने विवाहले केटी/महिलाहरुका लागि नकारात्मक स्वास्थ्य परिणाम निम्त्याउँछ भन्ने कुरामा पुर्ण सहमति जनाए ।

### २१.१ उमेरको आधारमा वर्गीकरण




## २२. तपाईंको विचारमा सानो उमेरमा विवाह गर्ने केटीहरूले विद्यालय बीचमै छाड्ने सम्भावना बढी हुन्छ ?



- पूर्ण रुपले हुन्छ (५८%)
- केही हदसम्म हुन्छ (३४%)
- त्यति धेरै हुँदैन (७%)
- हुँदै हुँदैन (१%)


## २३. तपाईंको विचारमा सानो उमेरमा विवाह गर्ने केटीहरु आफ्नो श्रीमान् माथि आर्थिक रुपमा निर्भर हुन्छन् ?



- पूर्ण रुपले हुन्छन् (५५%)
- केही हदसम्म हुन्छन् (३९%)
- त्यति धेरै हुँदैनन् (६%)


## २४. तपाईंको विचारमा सानो उमेरमा हुने विवाहले घरेलु हिंसा र दुर्व्यवहारको सम्भावना बढाउँछ ?

सानो उमेरमा विवाह गर्ने केटीहरु घरेलु हिंसा र दुर्व्यवहारको बढी जोखिममा हुन्छन् भन्नु कुरासँग ४,००० सहभागीहरु मध्ये २६ प्रतिशत त्यति सहमत छैनन् वा सहमत छैनन् । यो भनाईसँग पुरुष सहभागीहरु (६५ प्रतिशत) भन्दा महिला सहभागीहरु (७६ प्रतिशत) बढी सहमत छन् ।




- पूर्ण रुपमा बढाउँछ (३३%)
- केही हदसम्म बढाउँछ (४१%)
- त्यति धेरै बढाउँदैन (२३%)
- बढाउँदै बढाउँदैन (३%)

## २५. तपाईंको विचारमा बालविवाह सामाजिक समस्या हो ?




## २६. तपाईंको विचारमा बालविवाह रोक्न सकिन्छ ?

बालविवाह रोक्न सकिन्छ भन्ने कुरामा अधिकांश सहभागीहरु (७२ प्रतिशत) सहमत भए । रोचक रुपमा, केवल एक-तिहाई सहभागीहरुले मात्र यसलाई अहिले नै रोक्न सकिन्छ भन्ने कुरामा विश्वास व्यक्त गरे । यसले समाजमा बालविवाहले कुन हदसम्म जरा गाडेको छ भन्ने कुरा देखाउँछ ।





किशोरवास्थामा भर्खरै प्रवेश गरेकी सीमा वादी (नाम परिवर्तन गरिएको) ले विद्यालयमा आफूभन्दा दुई कक्षा माथिको हालका उनका श्रीमान् राम वादी (नाम परिवर्तन गरिएको)सँग भागेर विवाह गरिन् । पहिलो पटक उनको आमाले सीमालाई रामको घरबाट फिर्ता ल्याइन् र पढाईमा ध्यान केन्द्रित गर्न लगाइन् । तर आमालाई छक्क पार्दै, सीमा दोस्रो पटकपनि आफ्नो श्रीमान्सँग बस्न घर छाडिन् । सीमाले उनी गरिबी, भेदभावकारी सामाजिक मुल्यमान्यताबाट टाढा रहन, र आफूले नचिनेको कुनै व्यक्तिसँग जबर्जस्ती विवाह गरिनुबाट बच्न चाहेको बताइन् ।

*"मेरो आमाले हरेक वर्ष बच्च जन्माइरहनु भएको थियो, र मैले उहाँलाई साना भाईबहिनी हेरेर वा घरको काम गरेर सहयोग गर्नुपर्दथ्यो । विद्यालयमा वादी केटी भएकीले साथीहरु र शिक्षकहरुबाट मैले भेदभावको सामना गर्नुपर्दथ्यो । विद्यालयको एउटा घटना सम्झँदै उनले भनिन् एक दिन मैले मेरो साथीको खाजा राख्ने डब्बा छुँदा हाम्रो कक्षा ठूलो खैलाबैला मच्चियो । त्यो साथी माथिल्लो जातिकी थिइन् र त्यसैकारण शिक्षकले मलाई सबै साथीहरुको अगाडि गाली गर्नुभयो । त्यही समयमा मैले हाम्रो शैक्षिक प्रणाली माथि विश्वास गुमाए, र शिक्षककै अगाडि मेरो किताबहरु च्यातेर, कक्षाबाट बाहिर निस्किँए । त्यसपछि मैले कहिल्यै त्यो कक्षामा फर्किन ।"*

सीमा हाल २१ वर्षकी भइन् र उनीको ८ वर्षको छोरी छ । उनको श्रीमान् परिवारको सहयोगका लागि र छोरीको विद्यालयको शुल्क तिर्न खाडी मुलुकमा काम गर्छन् । यद्यपि, आमाले भनेको मानेर भागी विवाह नगरेको भए आफूले जीवनमा अझै धेरै हासिल गर्न सक्ने उनी बताउँछिन् । उनलाई विवश बनाउन सामाजिक दवाब एउटा कारण थियो : *"मेरो केटा साथीसँग म भागेर गएको समुदायमा हल्ला फैलिसकेको थियो । त्यसैकारण, मसँगको विकल्प भनेको मैले माया गर्ने व्यक्तिको मै फर्केर जानु थियो, किनभने पछि कसैले मलाई श्रीमतीको रुपमा स्वीकार गर्ने थिएन ।"*

३ वादी नेपालको एउटा पहाडी दलित समुदाय हो ।



# परिभाषा

दाइजो (वा दाइजोप्रथा)लाई बेहुलीको परिवारले आफ्नो छोरीको विवाहका लागि आवश्यकताका रुपमा बेहुलाको परिवारलाई नगद, सम्पत्ति र/वा अन्य उपहार दिने अभ्यासका रुपमा परिभाषित गरिन्छ ।

ऐतिहासिक रुपमा यसको प्रयोजन नवविवाहित दम्पतिलाई आफ्ना आधारभूत आवश्यकताहरु पूरा गर्न सुरक्षा र सहयोग उपलब्ध गराउनु रहेको थियो तर समयसँग दाइजोजन्य उपहारको अर्थ र प्रयोजनमा परिवर्तन आएको छ। नेपालमा आजभोली दाइजो बेहुलीका अभिभावकले बेहुलाका अभिभावकलाई दिने विवाहको अत्यावश्यक सर्तका रुपमा जबर्जस्ती गरिने आर्थिक र/वा वस्तुगत व्यवस्थापन बन्नपुगेको छ । दाइजोजन्य उपहारका उदाहरणहरुमा जमीन, सवारी साधन, नगद, गरगहना, फर्निचर, घरायसी सामान, विद्युतीय सामग्री, कपडा र/वा घरपालुवा जनावर रहेका छन् । बेहुला र उनका अभिभावकको शैक्षिक स्तर र पेशा माग गरिने दाइजोलाई निर्धारण गर्ने मुख्य पक्ष हो । दाइजोलाई नेपालमा बाल विवाहको अभ्यासलाई प्रोत्साहित गर्ने कारकतत्वका रुपमा पनि लिइन्छ, किनभने साना बालिकाहरुका लागि कम दाइजो दिनुपर्छ ।

दाइजो प्रथा प्रदेश नं २ का सबै जिल्लाहरुमा व्यापक रुपमा अभ्यास गरिएको पाइन्छ। अध्ययनहरुले दाइजो प्रथा हिन्दु र मुस्लिम दुवै समुदायहरुमा अभ्यास गरिने देखाउँछन् । सर्वेक्षणमा दुई प्रकारका दाइजोबारे प्रश्नहरु गरिएको थियो, (क) दम्पतिलाई स्वेच्छिक रुपमा दिइने उपहारहरु (दाइजो) र (ख) विवाहको पूर्वसर्तका रुपमा अनिवार्य रुपमा भुक्तानी गरिने नगद वा जिन्सी (दहेज/तिलक) ।

सामाजिक संस्कार सुधार ऐन, २०३३ लागु भएदेखि नै गैर कानुनी रहेको दाइजोसम्बन्धी व्यवस्थालाई २०७४ को दण्ड संहिताले थप सुदृढ गरेको छ, जसअनुसार दाइजो लिने व्यक्तिलाई तीन बर्ष जेल र तीस हजार जरिवाना हुन्छ ।

# विचार

*“ यो वर्षदेखि जसले दाइजोको माग गर्छ वा लिन्छ, त्यसलाई कारवाही हुन्छ । हामी आमा समूहका सदस्यहरुले यो नियम बनाएका हौं । यो नियम लागु गर्न स्थानीय सरकार र प्रहरीले पनि हामीलाई सहयोग गरिरहेका छन् ।”*


- हिमा गाउँपालिका, जुम्ला, कर्णाली प्रदेश

## भाग ५

# दाइजो




## २७. यो समुदायमा दाइजोको चलन छ ?



दाइजो प्रदेश नं २ का सबै जिल्लाहरूमा व्यापक रुपमा प्रचलित छ । वास्तवमा प्रदेश नं २ का १,८४५ जना सहभागीहरू (९२ प्रतिशत)ले आफ्नो गाउँछिमेकमा दाइजो प्रथा अभ्यासमा रहेको बताए, जुन कुरा कर्णाली र सुदूर-पश्चिम प्रदेशहरूमा केवल १.२ प्रतिशत सहभागीहरूबाट मात्र आयो ।

### २७.१ जात/जातीयताको आधार वर्गीकरण







## २८. तपाईंको परिवारका महिला सदस्यहरुको विवाहमा परिवारले दाइजो दिएको थियो ?


प्रदेश नं २ मा आफ्नो गाउँछिमेकमा दाइजोको चलन रहेको बताउने ९२ प्रतिशत सहभागीहरु मध्ये, ६८ प्रतिशतले आफ्नो परिवारले पनि दाइजो दिनुपरेको बताए । दाइजोको माग र भुक्तानीका कारणबारे उनीहरुको उत्तरले यो अभ्यासले कसरी छोरीलाई बोझका रुपमा लिइने धारणालाई बल पुर्‍याउने काम गरेको छ भन्ने प्रष्ट हुन्छ । बेहुलाको शिक्षामा लागेको खर्च उठाउन परिवारहरुले दाइजोको प्रयोग गर्ने भन्ने कुरामा ८२ प्रतिशत सहभागीहरु पूर्णरुपमा वा केही हदसम्म सहमत रहेको बताए । त्यसै कारण, दहेज/तिलकलाई श्रीमान्‌को प्रतीकात्मक र साँस्कृतिक पूँजीका लागि बेहुलाको परिवारलाई गरिने एक प्रकारको भुक्तानीका रुपमा पनि लिइन्छ, जसलाई उनको श्रीमतीका लागि पनि सम्पत्ति मानिन्छ । थप निष्कर्षले यो पनि देखाउँछ कि परिवारहरु आफ्ना छोरीले असल परिवारको असल केटा विवाह गर्ने आशामा दाइजो दिन सहमत हुन्छन्, जसमा आफ्ना छोरीका लागि असल श्रीमान् सुरक्षित गर्ने परिवारहरु दाइजोमा लगानी गर्न सहमत हुन्छन् भन्ने कुरामा ९० प्रतिशत सहभागीहरुले पूर्णरुपले वा केही हदसम्म सहमति जनाए ।

प्रदेश २




थिएन (२६%)
उत्तर छैन (६%)
थियो (६८%)

## २९. तपाईंको विचारमा बेहुलाको परिवारलाई दाइजोको आवश्यकता आफ्नो छोराको शिक्षामा लागेको खर्च उठाउन चाहिन्छ ?



पूर्ण रुपमा हो (४६%)
केही हदसम्म हो (४२%)
त्यति धेरै होइन (११%)
होइन (२%)

## ३०. बेहुलीको परिवारले आफ्नो छोरीले असल श्रीमान् पाएको निश्चित गर्न दाइजो दिने हो ?



पूर्ण रुपमा हो (५७%)
केही हदसम्म हो (३३%)
त्यति धेरै होइन (८%)
होइन (२%)

## ३१. दाइजोको प्रभाव

सर्वेक्षणले दाइजोले पार्ने विभिन्न प्रभावहरुमाथि प्रकाश पार्दछ । दाइजो र हिंसाबीचको अन्तरसम्बन्धका हकमा बहुसंख्यक सहभागीहरु (७३ प्रतिशत) सहभागीहरुले दाइजोले महिला विरुद्ध हिंसा निम्त्याउने कुरामा पूर्णरुपमा वा केही हदसम्म सहमति जनाए । साथै, ५६ प्रतिशत सहभागीहरुले दाइजोको आर्थिक बोझका कारण परिवारहरुले आफ्ना छोरीहरुलाई सानै उमेरमा विवाह गरिदिने कुरामामा पनि पूर्ण रुपले वा केही हदसम्म सहमति जनाए । पुरुषको तुलनामा महिलाहरुको कम शिक्षा र दाइजो प्रथाबीचको सम्बन्धलाई पनि सर्वेक्षणको निष्कर्षले पुष्टि गर्दछ । वास्तवमा ६४ प्रतिशत सहभागीहरुले यो प्रथाले परिवारहरुलाई आफ्ना छोरीहरुलाई शैक्षिक अवसर प्रदान गर्न निरुत्साहित गर्ने कुरामा पनि पूर्णरुपले वा केही हदसम्म सहमति जनाए । यो विशेषगरी उच्च शिक्षा र व्यावसायिक क्षेत्रसँग बढी सम्बन्धित छ, किनभने यसले दाइजोको मुल्य बढाउने काम गर्छ ।




निष्कर्षले यो पनि देखाउँछ कि सहभागीहरुले दाइजोको आर्थिक भारलाई लिङ्ग पहिचान गरी गर्भपतन गर्ने कार्यसँग जोड्ने सम्भावना थियो । केवल ४८ प्रतिशत सहभागीहरुले दाइजोको आर्थिक भारका कारण परिवारहरु लिङ्ग पहिचान गरी गर्भपतन गर्ने कार्यमा संलग्न हुन्छ भन्ने कुरासँग पूर्ण रुपले वा केही हदसम्म सहमति जनाए भने ५१ प्रतिशत यसमा असहमत भए ।


फरक-फरक दृष्टिकोण रहेपनि दाइजोलाई सबै समूहहरुलाई प्रभावित गर्ने सामाजिक समस्याका रुपमा लिइन्छ । दाइजो प्रथाको उन्मूलन गरिनुपर्छ भन्नेमा बहुसंख्यक सहभागीहरु (८८ प्रतिशत) पूर्ण रुपमा सहमत र ११ प्रतिशत केही हदसम्म सहमत भएको उल्लेख गरे । यद्यपि, दाइजोको उन्मूलन गर्न सकिन्छ भन्ने कुरामा केवल ७० प्रतिशतले मात्र पूर्णरुपमा वा केही हदसम्म सहमति जनाए, जसले यो अभ्यास समाजमा कतिसम्म जरा गाडेको छ भन्ने देखाउँछ ।

बहुसंख्यक सहभागीहरु (७० प्रतिशत) को विचारमा यो दाइजो प्रथा बढ्नुको कारण कानुनको कमजोर कार्यान्वयन हो ।


### ३१.१ तपाईंको विचारमा दाइजो प्रथाको अभ्यासले महिला विरुद्ध हिंसा निम्त्याउँछ ?



### ३१.२ तपाईंको विचारमा परिवारहरूले आफ्ना छोरीहरूलाई सानै उमेरमा विवाह गर्नुको कारण दाइजो हो ?




### ३१.३ तपाईंको विचारमा दाइजोको आर्थिक भारले लिङ्ग पहिचान गरी गर्भपतन गर्ने कार्यलाई बढावा दिन्छ ?



# परिभाषा

बोक्सीप्रथालाई सामान्यतया जादुटुनाको प्रयोग गरी व्यक्ति वा घटनाहरुमाथि नियन्त्रण राख्न सक्ने अलौकिक शक्ति भएको व्यक्तिका रुपमा परिभाषित गरिन्छ । बोक्सिप्रथामा विश्वास गर्ने व्यक्ति जुनसकुनै धर्म वा आस्थाका हुनसक्छन्। बोक्सीको आरोप र उत्पीडन यस्ता विश्वासका कारण सिर्जित मानवअधिकार ज्यादति हुन् । बोक्सीको आरोप नेपालमा पुरुषमाथि पनि लाग्न सक्ने भएपनि त्यसरी आरोप लगाइएका बहुसंख्यक व्यक्ति महिला छन् । बोक्सीको आरोप तथा उत्पीडनमा, बोक्सीप्रथाप्रति विश्वास जगाउने कार्यमा स्थानीय धामीझाँक्रीको महत्वपूर्ण भूमिका हुने गर्छ, किनभने बोक्सीको पहिचान गर्ने र त्यसलाई निको पार्ने शक्ति उनीहरुसँग हुने विश्वास गरिन्छ।

बोक्सीहरुसँग स्वास्थ्य समस्या र नकारात्मक प्राकृतिक वा सामाजिक विपद्सहित अन्यमाथि अनिष्ट निम्त्याउन सक्ने शक्ति हुन्छ भन्ने जनविश्वास रहेकाले समुदायमा घट्ने विपद् तथा अनिष्टलाई उचित ठहर्याउने प्रयासका रुपमा बोक्सीको आरोप लगाउने कार्यलाई प्रयोग गरिंदै आइएको छ । बोक्सीको आरोप लागेपछि कुनै महिलाले समुदायका सदस्यका साथै आफ्ना परिवार र धामीझाँक्रीबाटै चरम प्रकृतिको शारीरिक र मनोसामाजिक हिंसाको सामना गर्नुपर्ने हुन्छ । अति भएको अवस्थामा बोक्सीको आरोप तथा उत्पीडनले हत्या सम्म हुनजान्छ, जसमा जिउँदै जलाएर मार्नेसमेत हुन्छ ।

पछिल्लो समयमा बोक्सीको आरोप तथा उत्पीडनलाई आर्थिक लाभका लागि, सम्पत्ति र भूमि कब्जा गर्न र अन्यमाथि शक्ति र नियन्त्रण राख्न पनि प्रयोग गरिएको अवस्थाप्रति चिन्ता व्यक्त गरिएको छ । बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ जारी भएपछि बोक्सीको अरोप तथा उत्पीडनको अपराधीकरण भएको छ र नयाँ दण्ड संहिता, २०७४ ले यो प्रथा विरुद्ध कानुनी संरक्षणलई सुदृढ गर्दै पाँच बर्षको जेल र पचास हजारसम्मको जरिवानाको व्यवस्था गरेको छ ।


भाग ५

# बोक्सीको आरोप र उत्पीडन




सर्वेक्षणको थालनी बोक्सीप्रथा र त्यससँग सम्बन्धित शक्तिको उपस्थितिबारे प्रश्नहरू सोधेर सुरु भयो, र त्यसपछि बोक्सीको आरोप तथा उत्पीडन सम्बन्धी प्रश्नहरू सोधियो ।

## ३२. तपाईंको समुदायमा मानिसहरू भूतप्रेत र प्रेतआत्मा माथि विश्वास गर्छन् ?





## ३३. तपाईं प्रेतआत्मा र भूतप्रेतमा विश्वास गर्नुहुन्छ ?







## ३४. तपाईंको समुदायका कति प्रतिशत व्यक्तिले प्रेतआत्माले रोग वा अनिष्ट निम्त्याउँछ भन्ने कुरामा विश्वास गर्छन् ?

भूतप्रेत र प्रेतआत्माको उपस्थितिमा विश्वासको अर्थ त्यस्तो आत्माले क्षति पुर्‍याउने वा अनिष्ट निम्त्याउने भन्ने कुरामा पनि विश्वास गर्नु हो । बहुसंख्यक सहभागीहरु (६६ प्रतिशत)ले आफ्नो गाउँछिमेकमा मानिसहरु प्रेतआत्माले रोग र अनिष्ट निम्त्याउन सक्ने कुरामा विश्वास गर्ने बताए । त्यस्तो विश्वास सबै सामाजिक र धार्मिक समूहहरुमा रहेको पाइन्छ । यद्यपि, उनीहरु आफैं प्रेतआत्माले रोग र अनिष्ट निम्त्याउन सक्ने कुरामा विश्वास गर्छन् वा गर्दैनन् भन्ने प्रश्नमा केवल ४९ प्रतिशत सहभागीहरुले मात्र सकारात्मक उत्तर दिए । सर्वेक्षणको निष्कर्षले प्रेतआत्माले क्षति पुर्‍याउने वा अनिष्ट निम्त्याउने विश्वास र सहभागीहरुको शैक्षिकस्तरबीच बलियो अन्तरसम्बन्ध रहेको देखाउँछ । सहभागीहरुको जति उच्च तहको शिक्षा प्रेतआत्माको शक्तिमा त्यति नै कम विश्वास । कुनै पनि औपचारिक शिक्षा हासिल नगरेका २५ प्रतिशत सहभागीहरुले प्रेतआत्माले रोग र अनिष्ट निम्त्याउँछ भन्ने कुरामा गहिरो विश्वास गर्ने बताए भने, उच्च शिक्षा (स्नातक र माथि) हासिल गरेका केवल ४ प्रतिशत सहभागीहरुले मात्र त्यो विचारसँग सहमत भएको उल्लेख गरे ।




- बहुसंख्यक व्यक्तिले विश्वास गर्छन् (६६%)
- केहीले मात्र विश्वास गर्छन् (३३%)
- थाहा छैन (२%)

## ३५. प्रेतआत्माले रोग वा अनिष्ट निम्त्याउँछ भन्ने कुरामा तपाईं विश्वास गर्नुहुन्छ ?



- पूर्ण रुपमा गर्छु (२०%)
- केही हदसम्म गर्छु (२९%)
- त्यति धेरै गर्दिन (३७%)
- गर्दै गर्दिन (१४%)


### ३५.१ शिक्षाको स्तरको आधारमा वर्गीकरण




## ३६. तपाईंको समुदायका कति प्रतिशत व्यक्तिले बोक्सी र बोक्सीप्रथामा विश्वास गर्छन् ?

बोक्सी/बोक्सीप्रथा माथि विश्वासका सम्बन्धमा सर्वेक्षणको निष्कर्षले बहुसंख्यक सहभागीहरूले आफ्नो समुदायमा बोक्सी/बोक्सीप्रथा माथि विश्वास गर्ने गरेको देखाउँछ ।


सर्वेक्षणको निष्कर्षले बोक्सीप्रथा माथि विश्वास गर्ने कुरामा तीन वटा प्रदेशहरूबीच र सहभागीहरूको सामाजिक पृष्ठभूमि (विशेषगरी लैङ्गिकता, शिक्षाको स्तर र जात/जातीयताको आधारमा) भिन्नता रहेको पनि देखाउँछ । बढी महिला सहभागीहरु (१३ प्रतिशत पुरुषको तुलनामा १९ प्रतिशत महिला सहभागीहरु)ले बोक्सीप्रथामा गहिरो विश्वास गर्ने बताए । प्रदेश २ मा बढी सहभागीहरु (२३ प्रतिशत) ले बोक्सीप्रथामा विश्वास गर्ने पाइयो, जबकी कर्णाली र सुदूर-पश्चिम प्रदेशहरूमा केवल ११ प्रतिशत मात्रले विश्वास गर्ने उल्लेख गरे ।





## ३७. तपाईं बोक्सी/बोक्सीप्रथामा विश्वास गर्नुहुन्छ ?





### ३७.१ लिङ्गको आधारमा वर्गीकरण




## ३८. तपाईंको विचारमा समाजमा बोक्सीको आरोप लगाइने सम्भावना कसलाई बढी छ ?




**४०** प्रतिशत — विधवा, एकल महिला र वृद्धा



**३४** प्रतिशत — सुविधाबाट बञ्चित समूहका गरिब महिलाहरु




**२५** प्रतिशत — झारफुक गर्ने पुरुषहरु




**१०** प्रतिशत — गरिब परिवारका पुरुषहरु

## ३९. तपाईंको विचारमा बोक्सीको आरोप लगाइने सम्भावना पुरुष भन्दा महिलाहरु माथि बढी छ ?




- पूर्ण रुपमा हो (३३%)
- केही हदसम्म हो (३४%)
- त्यति धेरै होइन (१४%)
- होइन (१७%)
- थाहा भएन/नभन्ने (२%)

### ३९.१ जात तथा जातीयताको आधारमा वर्गीकरण





## ४०. तपाईंको समुदायमा कसैमाथि बोक्सीको आरोप लगाइएको वा उत्पीडित गराइएको छ ?

समुदायमा बोक्सीको आरोप लगाउने र/वा उत्पीडित गर्ने घटनाहरूको उपस्थितिका बारेमा प्रश्न गर्दा, बहुसंख्यक सहभागीहरू (८५ प्रतिशत) ले त्यस्तो कुनै घटना आफूले नसुनेको वा नदेखेको बताए भने ११ प्रतिशत सहभागीहरूले आफ्नो गाउँठाउँमा बोक्सीको आरोप लगाउने घटना भएको बताए । कर्णाली र सुदूर-पश्चिम प्रदेशहरू भन्दा बढी प्रदेश नं २ का सहभागीहरू (१७ प्रतिशत) ले त्यस्तो घटना आफ्नो समुदायमा भएको बताए । यसो हुनाको कारण प्रदेश नं २ मा त्यस्ता घटनाहरू बढी हुने गरेकाले हो ।



## ४०.१ त्यस्ता घटनाहरुबारे प्रहरीलाई समुदायका व्यक्ति वा बोक्सीको आरोप लगाइएका व्यक्तिहरुले के-कति उजुरी गर्छन् ?

सर्वेक्षणमा सहभागी बहुसंख्यक सहभागीहरु (७१ प्रतिशत)को विचारमा समुदाय वा आरोपित व्यक्तिले बोक्सीको आरोप लगाइएको वा उत्पीडन गरिएको घटनाहरुका बारेमा प्रहरी वा अन्य कुनै निकायलाई उजुरी गर्दैनन्, जसमा दुई प्रतिशत भन्दा कम सहभागीहरुले त्यस्ता घटना बारे स्थानीय प्रहरी चौकीमा उजुरी गरिने कुरामा विश्वास व्यक्त गरे ।



कहिल्यै गर्दैनन् (१७%)
विरलै गर्छन् (१९%)
कहिलेकाहीँ गर्छन् (८%)
संधै गर्छन् (१%)

## ४०.२ घटनाबारे उजुरी नगर्नुको कारण




**४२** प्रतिशत — प्रहरी/सम्बन्धित निकायमा विश्वासको कमी




**३५** प्रतिशत — कानुन र व्यवस्थाबारे जानकार नभएका

## ४१. तपाईंको विचारमा बोक्सीको आरोप र उत्पीडनबाट पीडित/प्रभावित व्यक्तिहरुले सामाजिक, मनोवैज्ञानिक वा आर्थिक समस्याहरुको सामना गर्छन् ?



पूर्ण रुपमा हो (३७%)
केही हदसम्म हो (३७%)
त्यति धेरै होइन (१८%)
होइन (४%)
थाहा भएन/नभन्ने (3%)

# ४२. तपाईंको विचारमा बोक्सीको आरोप लगाउने र उत्पीडित गराउने कार्यलाई उन्मूलन गरिनुपर्छ ?




कैलाली जिल्लामा सात कक्षामा पढ्ने एक जना छात्रा "अस्थीर" व्यवहार गर्न थालिन् । उनी रुने, काम्ने, हाँस्ने र सामानहरू सबैतिर छर्न थालिन् । शिक्षकहरूले उनलाई के भएको हो भनेर बुझ्न पाउन अघि त्यस्तै व्यवहार अन्य छात्राहरूमा पनि देखापर्न थाल्यो । विद्यालय व्यवस्थापनले स्थानीय धामी/झाँक्री बोलायो । धामीले विद्यालयका छात्राहरूलाई लक्षित गर्दै बोक्सीले विद्यालयमा डेरा जमाएको बताए । छात्राहरूलाई अस्पताल किन नलगेको भनेर प्रश्न गर्दा, एक जना शिक्षकले भने, *"उनीहरू बिरामी भएका होइनन्, प्रेतआत्मा चढेको हो । आत्मा चढेको हो कि बिरामी भएको हामी सजिलै थाहा पाउँछौं । आत्म चढेको व्यक्ति काम्छ, दौडन्छ र बर्बराउँछ । विद्यार्थीहरूले पनि त्यही गरिरहेका थिए ।"*



कथित प्रेतआत्मा भगाउनका लागि विद्यालय व्यवस्थापनले देवताहरू खुशी पार्न एउटा ठूलो महायज्ञको आयोजना गर्‍यो तर प्रभावित विद्यार्थीहरूको व्यवहारमा कुनै परिवर्तन आएन । घटनाको दोषीका बारेमा सोध्दा, एक जना शिक्षकले भने, *"हामीले कुनै एक जनालाई देखाएर बोक्सीको आरोप लगाउन सक्दैनौं तर हामीलाई के विश्वास छ भने गाउँमा जादुटुना जानेको कोही व्यक्ति छ जसले जानवश विद्यार्थीहरूलाई हानी पुर्‍याइरहेको छ ।"*

प्रेतआत्माले कसैलाई निशाना बनाएमा के परिणाम हुन्छ भनेरे प्रश्न गर्दा, धामीमाथि गहिरो विश्वास व्यक्त गर्दै विद्यार्थीहरूले भने, *"यदि कसैलाई आफूमाथि बोक्सी चढेको लागेमा उसले धामीकोमा जानुपर्छ ।"*

विद्यार्थीहरूले थप व्याख्या गर्दै भने, *"आध्यात्मिक गुरुहरूसँग बोक्सीहरू पहिचान गर्ने र पीडितहरूलाई तान्त्रिक विधिद्वारा उपचार गर्ने शक्ति हुन्छ, जसका लागि कहिलेकाहीं जनावरको बली दिनुपर्छ । त्यसपछि मात्रै त्यस्ता व्यक्ति ठिक हुन्छन् र सामान्य जीवन बाँच्नसक्छन् ।"*



